ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

ARMY
BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क २, जुलाइ २०२० Edition 2, July 2020





Dear respected Veterans of the Brigade of Gurkhas, this is my first opportunity to greet you through Gorkhali Khabar, and sadly perhaps my last.
I have served in BGN for two and a half years now, and my time as the Deputy Commander has come to an end. I am very sad to be leaving, but I will be buoyed in the future by the many friends I have made in Nepal and the many happy memories I take with me.
Nepal is certainly different from when I arrived, and we are all finding our way through the many changes that COVID-19 has wrought. I am extremely conscious of the role that BGN plays in supporting our veterans, and as you served through adversity in your time, BGN must not falter in this time of adversity in our support to you. This will come with change, but I assure you that we are constantly assessing the situation in Nepal to identify how we can maintain or improve our service.

While much of my time is spent fighting staff work in my HQ, by far my happiest memories of Nepal come from the people and the hills. I have enjoyed too much tinpanni and bad dancing with veterans in the hills above Dhading; shared Tongba and Sukuti while advertising in the East; sat down to messing with the QGSAN and shared breakfast while on Trek with a GLR veteran who happened to be wandering past the camp! The veteran community has given me much, I hope that I have supported you as well in kind.
I have no doubt that I shall return to Nepal. When I do, I look forward to renewing old friendships. Until then, stay safe and look after yourselves and your families.

प्यारा आदरणीय 'ब्रिगेड अफ गोर्खा' का भेटरन ज्यूहरू, 'गोर्खाली खबर' मार्फत तपाईहरूलाई कामना व्यक्त गर्ने यो मेरो पहिलो अवसर हो, र दु:खको कुरा, शायद अन्तिम पनि |
बि.जी.एन मा मैले साँढे दुई वर्ष सेवा गरें, र मेरो उप-कमाण्डरको कार्यकाल समाप्त भएको छ | यस बिदाइको घडीमा मलाई धैरै दु:ख लागिरहेको छ, तर मैले नेपालमा बनाएका अनेक मित्रहरू र रमाइला सम्झनाहरू भविष्यमा मसँग समेटी रहने छन् |
पक्कै पनि नेपाल म आएको समयभन्दा परिवर्तन भएको छ, र कोभिड-१९ ले हाम्रो जीवनमा वर्षाएको असरको सामना गर्न हामी सबै आ-आफ्ना बाटो खोजिरहेका छौं | बि.जी.एन ले भेटरनहरूलाई सहयोग गर्ने भूमिकाबारे म अत्यन्तै सचेत छु, तपाईहरूले आफ्नो समयको कठिनाइमा जसरी सेवा दिनुभयो, बि.जी.एन ले पनि यस कठीन समयमा तपाईहरूलाई सहयोग गर्नबाट चुक्नु हुँदैन | यो केहि फेरबदलका साथ आउनेछ, तर हाम्रो सेवा निरन्तर राख्न र सुधार गर्ने तरिका पहिचान गर्न हामी सधैं नेपालको अवस्था मूल्याङ्कन गरिरहेका छौं |

मेरो धेरै समय मुख्यालयको काममा बीत्ने गरे पनि खासै भन्नु पर्दा मेरो लागि नेपालको सबैभन्दा खुशीका यादहरू यहाँका मानिस र डाँडा-काँडाका हुनेछन् | धादिङको माथिल्लो डाँडाहरूमा भेटरनहरूसँग मैले तीनपाने र हाँस-उठ्दो नाँच को धेरै रमाइलो लिएको छु; पूर्वमा प्रचारको क्रममा तोंङ्बा र सुकुटी बाँडी खाएको छु, QGSAN सँग खान-पिन गरे, र ट्रेकिङको बेला शिविर हुँदै हिडिरहेका एक GLR भेटरनसँग ब्रेकफास्ट गरे | भेटरन समुदायबाट मैले धेरै पाएको छु, मलाई आशा छ की मैले पनि तपाईहरूलाई त्यसै अनुसार सहयोग गर्न सकेको छु |

म फेरी नेपाल आउनेछु भन्ने कुरामा शङ्का छैन | फर्केर आउँदा पुराना मित्रतालाई फेरी जीवन्त बनाउँने आशा छ | त्यतिन्जेल, सुरक्षित रहनुहोस् र आफु र आफ्नो परिवारको रेखदेख गर्नुहोस् |

**Jai Brigade of Gurkhas**
Peter Wettenhall
Deputy Commander
British Gurkhas Nepal

**जय ब्रिगेड अफ गोर्खा**
पिटर वेट्टेनहल
उप–कमाण्डर
ब्रिटिश गोर्खा नेपाल

**महामारी संकटमा ब्रिटिश गोर्खा नेपाल उद्धार र सहयोगमा**

कोभिड-१९ महामारीका कारण उत्पन्न परिस्थिति कसैले कल्पना नगरेको अवस्था थियो | करीब ४ महिना लामो बन्दा-बन्दीको समयमा धेरै मानिसहरूले कठिनाई भोग्नु पर्यो | नेपाल घुम्न आएका र नेपालमा काम गर्दै ,बस्दै आएका बेलायती नागरीकहरूलाई सुरक्षित तरिकामा आफ्नो घर फर्काउन आपतकालीन कार्य थियो | त्यस बेला नेपालका दुर्गम लगायत अरू ठाउँहरूमा करीब ७०० बेलायती नागरीकहरू विभिन्न सिलसिलाका क्रममा थिए | यस्तो विश्वव्यापी रूपमा भएको अभुतपूर्व अवस्थामा उनीहरूको शीघ्र उद्दार गर्न बेलायती दुतावास र ब्रिटिश गोर्खा नेपालको भूमिका महत्त्वपूर्ण रह्यो |



यस कार्यमा दुतावास र बि.जी.एन का सैनिक तथा गैर-सैनिक (विशेष गरी गाडी-चालक) कर्मचारीहरूले विभिन्न ठाउँमा अलपत्र परेका बेलायती तथा अन्य देशका नागरीकहरूलाई उद्दार गरी उनीहरूको उडानका लागि काठमाडौं पुर्याउन गरेको काम कठीन र अविस्मरणीय थियो |



फिल्ड परिचालनपछि नेपालको विकट लगायत अन्य १३ ठाउँहरूबाट १०९ जना बेलायती र २८ जना अन्य देशका नागरीकहरूको उद्दार गरिएको थियो | त्यस लगायत ब्रिगेड अफ गोर्खाका अरू युनिटका कार्यरत ७० सैनिक स्टाफ र उनीहरूका आश्रितहरू र काठमाडौं र पोखरा-स्थित बि.जी.एन शिविरका सिपाहीका परिवारहरूलाई पनि बेलायत फर्काउन उद्दार गरिएको थियो | यस क्रममा उनीहरूले ६,४०० की.मी. भन्दा बढीको दूरी यात्रा गरेका थिए | प्रतिकुल मौसम र अपरिचित भूभागमा पहिरो र अन्य कठीन अवस्थाको सामना गर्दै निस्वार्थ र पूर्ण सहयोगी मनोभावका साथ् उनीहरूले यो प्रशंसनीय काम सफलतापूर्वक निभाए |८, १० र १७ अप्रिल का तिन छुट्टाछुट्टै चार्टर उडानमा बेलायती नागरीकहरू नेपालबाट आफ्नो घर बेलायत फर्कन सम्भव भयो |


त्यस्तै, कोरोना भाइरस महामारी विरुद्ध नेपालको स्वास्थ क्षेत्रको निरन्तर प्रयासमा समर्थन र सहयोग स्वारूप बि.जी.एन ले धरान र पोखरा स्थित अस्पताल तथा क्वारिनटिन केन्द्रहरूमा पी.पी.इ, अक्सिजन उपकरण तथा पञ्जा जस्ता आधारभूत चिकित्सक सर-सामान प्रदान गर्यो | त्यस्तै, बि.जी.एन काठमाडौं र पोखराले ललितपुर र पोखरामा आधिकारिक निकाय मार्फत स्थानीयहरूलाई आवश्यक खाद्य वस्तु तथा आर्थिक सहयोग प्रदान गर्यो |





# कोभिड-१९ महामारी संकटको समयमा ब्रिटिश गोर्खा नेपालद्वारा गरिएको उद्दारको चित्रण र तथ्याङ्क

*संख्यामा:*
बेलायती नागरीक: १०९
अन्य देशका नागरीक: २८
बि.जी.एन बाहेक अरू गोर्खा ब्रिगेड युनिटका सिपाही र परिवार: ७०
बि.जी.एन का सिपाही तथा परिवार: ७८








## प्रमाणीकरण सँगै ३५ वर्ष यताको सबैभन्दा ठूलो संख्यामा ब्रिटिश गोर्खा भर्ती

१८ फेब्रुअरी २०२० मा ब्रिटिश गोर्खा नेपालको पोखरा शिविरमा ब्रिटिश गोर्खा भर्ती २०२० को प्रमाणीकरण प्रदर्शन British Gurkhas Recruit Intake 2020 Attestation Parade सु-सम्पन्न भयो | नेपालका लागि बेलायती राजदुत निकोला पोलिट तथा बेलायती सेनाका प्रमुख 'चिफ अफ जेनरल स्टाफ '(Chief of General Staff) जेनरल सर मार्क कार्लटन-स्मिथ KCB CBE ADC को मुख्य उपस्थितीमा ४३२ नयाँ ब्रिटिश गोर्खा सिपाहीहरूको औपचारिक प्रमाणीकरण भयो | २०२० को भर्ती संख्या १९८५ यता ३५ वर्षमा सबैभन्दा धेरै हो | प्रदर्शनमा नेपाली सुरक्षा निकायहरूका प्रतिनिधित्त्व गर्दै शसस्त्र प्रहरी बलका महानिरीक्षक तथा नेपाली सेनाका पश्चिम डिभिजन प्रमुख उपस्थित थिए |







नयाँ 'रेक्रुट' हरूका परिवारजन माझ भएको परेडमा बेलायती सेनाका प्रमुख सर मार्क कार्लटन-स्मिथले प्रमाणीकरणको साक्षी भइ नयाँ रेक्रुटहरूलाई बधाई तथा भविष्यको लागि शुभकामना दिनुभएको थियो भने ब्रिटिश गोर्खा नेपाल गोर्खा मेजर मुक्ति प्रसाद गुरुङ्ग MVO ले भर्ती भएका रेक्रुटहरूको शपथ लिनुभएको थियो | रेक्रुटहरूले बेलायती महारानी एलिजाबेथ दोस्रो प्रति निष्ठा प्रतिज्ञा गरेपछि मार्च पास्टसँगै औपचारिक प्रदर्शन समापन भएको थियो | हाल उनिहरू बेलायतको क्याटरिकमा ९ महिनाको तालिममा छन् | त्यसपछि उनीहरू प्रशिक्षित सिपाहीहरू भएर आ-आफ्ना युनिट र रेजिमेन्टहरूमा सामेल हुनेछन् |


RECRUIT INTAKE 2020

२०२० को ब्रिटिश गोर्खा भर्ती दुई मुख्य चरणको छनौंट प्रक्रियापछि ४३२ नयाँ रेक्रुटहरूको औपचारिक प्रमाणीकरण गरेर समापन भएको हो | यस वर्ष १२ हजार भन्दा बढी सम्भाव्य सिपाहीहरू (Potential Recruits, PR) ले आफ्नो नाम र विवरण दर्ता गरेका थिए | पश्चिम क्षेत्रको छनौंट ब्रिटिश गोर्खा नेपाल -पोखरा शिविरमा र पूर्व क्षेत्रको छनौंट ब्रिटिश गोर्खा नेपाल -धरान शिविर परिसरमा संचालन भएको थियो | क्षेत्रीय छनौंटमा सफल भएका सम्भावित रेक्रुटहरू अन्तिम चरणको छनौंटको लागि पोखरा शिविरको आवासमा केहि दिन बसेर संलग्न भए | गोर्खाको वीरताको इतिहास, साहस र बलिदानको कथा पछ्याउँदै अन्तर्राष्ट्रिय समाचार मिडिया नेटवर्क 'अल जजिरा' Al Jazeera को 101 East नामक कार्यक्रमले यस वर्षको गोर्खा भर्ती छनौंट प्रक्रियाको शुटिङ गरी स्वतन्त्र तरिकामा बनाएको वृत्तचित्र टेलिभिजनमा र युट्युबमा सम्पादन भएको छ | यस वृत्तचित्र https://www.youtube.com/watch?v=L92ZcTnx2Is मार्फत हेर्न सकिन्छ |

२०२० सालको ब्रिटिश गोर्खामा भर्ती हुन सफल भएका केही रेक्रुटहरूसँगको छोटो कुराकानीमा उनीहरूबाट आएका प्रतिक्रियाहरू:

**मेरो गाउँबाट ६-७ वर्ष यता ब्रिटिश गोर्खामा कोही भर्ती हुन सकेका थिएनन् | त्यति लामो समयपछि मेरो गाउँबाट गोर्खा भर्ती हुने कुरालाई फेरी निरन्तरता दिन पाउँदा मलाई खुशी र गर्भ महशुस भएको छ |**

- *हेमराज*

**जो यसपाली छनौंट हुन पाएनन् ,उनीहरूलाई सानो सन्देश दिन चाहन्छु | आफु कमजोर भएको कुरालाई पहिचान गरी त्यसमा सुधार गरी अर्को पल्ट फेरी आफु गोर्खाली भएको पुष्टी गर्नुपर्छ भन्न चाहन्छु |**

- *अनिल*

**बाहिर कुराहरू सुनिन्थ्यो- पैसा, दलालबारे कुराहरू | तर यहाँ आएपछि, सबै कुरा आफैले नियालेपछि यहाँ सबै कुरा नी :शुल्क, निष्पक्ष र पारदर्शी (free, fair and transparent) नै रहेछ भन्ने कुरा बुझें | बाहिर रहेका अरू आकांक्षीहरूलाई यस्तो कुराको पछाडि नलाग्न सुझाव दिन्छु | सब कुरा आफ्नो मेहनतको फल हो |**

- *सुशान*





**Regimental Association Nepal RAN**

Regimental Association Nepal RAN १९९९ सालमा मुख्यालय, ब्रिटिश गोर्खा नेपाल (Headquarters, British Gurkhas Nepal HQ BGN) को निर्देशनमा स्थापना भएको हो । यसमा अध्यक्ष, महासचिव, अनि हरेक पल्टन र Gurkha Contingent Singapore Police Force (GCSPF) का अध्यक्ष गरी ११ जना स्थायी सदस्यहरू हुन्छन् । हरेक त्रैमासिक बैठकमा हरेक पल्टनबाट एक–एक जना थप व्यक्ति सामेल हुन्छन् । कमाण्डर बि.जी.एन, फिल्ड निर्देशक गोर्खा वेलफेयर ट्रष्ट, चिफ अफ स्टाफ बि.जी.एन, गोर्खा मेजर बि.जी.एन, उप–प्रबन्धक र Liaison Officer गोर्खा सेटलमेन्ट अफिस (Gurkha Settlement Office GSO) का उपस्थितीमा RAN समिति बैठक बस्ने गर्दछ ।
RAN को उद्देश्य भुतपूर्व सैनिक र मुख्यालय, बि.जी.एन (HQ BGN) तथा मुख्यालय, ब्रिगेड अफ गोर्खा (Headquarters, Brigade of Gurkhas HQBG) का बीचमा मध्यस्थता राख्नु हो । यसको प्रमुख उद्देश्य भनेको भुतपूर्व सैनिकको प्राप्त हक र हितको संरक्षण गर्नु हो । साथै, उच्च–अधिकारीलाई सही सल्लाह दिन र आ–आफ्ना पल्टनमा हौसला बढाउनु पनि यसको उद्देश्य हो ।
बि.जी.एन कमाण्डर, गोर्खा मेजर, गोर्खा वेलफेयर ट्रष्ट निर्देशक लगायत अधिकारीहरूसँग RAN नियमित रूपमा त्रैमासिक बैठक बस्दछ। बि.जी.एन को मुख्य कार्यक्रमहरूमा RAN को निकट संलग्नता रहँदै आएको छ।

<u>रेक्रुट इन्टेक २०२० प्रमाणीकरण प्रदर्शन (Recruit Intake 2020 Attestation Parade) मा RAN को संलग्नता</u>



बाँयाबाट:
*WO1 कमल बहादुर पुन, सेनानी कृष्ण बहादुर गुरुङ्ग MVO MBE, सेनानी हितमान गुरुङ्ग; सेनानी बालकृष्ण राना MBE (RAN महासचिव), सेनानी हेमन्त पुन (AMA), सेनानी भिम बहादुर गुरुङ्ग MVO MBE (RAN सभापति) सेनानी मुक्ति प्रसाद गुरुङ्ग MVO (GM BGN) ब्रिटिश सेना प्रमुख 'चिफ अफ जेनरल स्टाफ' सर मार्क कार्लटन-स्मिथ KCB CBE ADC, महासेनानी जोडी डेभिस (Col BG), सेनानी हेम चन्द्र राई MBE, सेनानी गोभिन्द गुरूङ्ग; सेनानी हितमान गुरुङ्ग MVO, सेनानी मान बहादुर गुरुङ्ग; प्रमुख निरीक्षक भोगेन्द्र गुरुङ्ग र सहसेनानी बिनोद केरुङ्ग*

## गोर्खा वेलफेयर ट्रष्ट Gurkha Welfare Trust (GWT) को सेकेन्डरी मेडिकल क्लेम सम्बन्धी जानकारी



तोकिएको अस्पतालमा भर्ना भई औषधी उपचार गर्दा लागेको खर्च दाबी गरेको सम्पूर्ण निवेदन गोर्खा वेल्फेयर ट्रष्ट नेपालको मेडिकल एड्भाइस सेल {Medical Advice Cell (MAC)} ले ब्यवस्थापन गर्दछ। यहाँहरुको जानकारीको लागि सेकेन्डरी मेडिकल क्लेम (Secondary Medical Claim) सम्बन्धी केही जिज्ञाशाहरुका बारेमा तल उल्लेख गरिएको छः

| विषय | जिज्ञाशा | MAC को सल्लाह |
|---|---|---|
| खर्च भएको रकम दाबी | पेन्सनरहरुले रु २ लाख रुपैयाँ भन्दा बढी खर्चको रकम दाबी गर्न पाउँछन् कि पाउँदैनन् ? | रु २ लाख रुपैयाँ भन्दा बढी खर्च भएको खण्डमा बिरामीले निवेदन गर्न सक्नुहुन्छ। सो निवेदन आइसकेपछि GWT को प्रधान कार्यालयमा मेडिकल बोर्ड बस्छ। बोर्डले यदि निवेदकको उपचार उचित छ भनेर निर्णय गरेमा तथा मेडिकल बोर्डमा रकम भए सम्म उक्त निवेदनको हकमा खर्च भएको रकम फिर्ता पाउन सकिन्छ। |
| अस्पतालहरू | आपतकालिन समयमा के बिरामीहरु GWT बाट स्वीकृति प्राप्त नभएका अस्पतालमा जान सक्छन् ? | उपयुक्त भएसम्म GWT बाट स्वीकृति प्राप्त अस्पतालहरुमा गई उपचार गर्न सल्लाह दिइन्छ। तर आपतकालिन अवस्थामा बिरामीले नजिकको पायक अस्पतालमा उपचार गराउन सक्नुहुन्छ। तर यसरी उपचार गर्दा तुरुन्तै (सकेसम्म २४ घण्टाभित्र) वेलफेयर सेन्टरमा फोन गरी सूचित गर्नुपर्नेछ \| बिरामीको अवस्थामा सुधार भएपछि, यदि बिरामीलाई GWT बाट मान्यता प्राप्त अस्पतालहरुमा लान सक्ने स्थिती छ भने, GWT का चिकित्सकबाट उचित सल्लाह लिई सोही अनुसार उपचार गर्न सल्लाह दिइनेछ। |
| नेपाल बाहिर बसोबास गर्ने पेन्सनरहरु | के नेपाल बाहिर स्थायी रुपमा बसोबास गर्ने पेन्सनरहरु नेपाल आउँदा यस सुविधाको उपभोग गर्न पाँउछन् ? | वहाँहरुले यो सुविधा उपभोग गर्न पाँउछन् , तथापि GWT को मेडिकल अपोइन्टमेन्ट र रिफरल सिस्टमको प्रक्रिया पालना गर्नु पर्नेछ भने फिर्ता हुने रकम नेपालमा अवस्थित बैंक खातामा मात्र भुक्तानी गरिनेछ। |

# बृहत ब्रिगेड गतिविधि

**Exercise Invicta Tamar ३६ इन्जिनियर रेजिमेन्ट सेक्सन प्रतियोगिता २०२०**



Exercise Invicta Tamar ३६ इन्जिनियर रेजिमेन्टको सेक्सन प्रतियोगिता २०२० थियो | यो अभ्यास बेलायतको डेभन र कोर्नवलमा संचालन भएको थियो | सबै सेक्सनमा विभिन्न क्याप-ब्याज (cap badge) हरूको मिश्रण रहेको थियो- जस्तै आर.इ, क्यु.जी.इ, आर.इ.एम.इ, र आर.एल.सी | मैदानमा प्रशिक्षण जारी रहँदा त्यस सँगै बहु-सांस्कृतिक रेजिमेन्ट क्याप-ब्याजहरूसँग सम्बन्ध गाँस्न यो अभ्यास निकै उपयोगी र महत्त्वपूर्ण अवसर थियो |

**'ब्याण्ड अफ द ब्रिगेड अफ गोर्खा' (Band of the Brigade of Gurkhas) को नेपालमा गतिविधि**



फेब्रुअरी र मार्च २०२० मा 'ब्याण्ड अफ द ब्रिगेड अफ गोर्खा' (Band of the Brigade of Gurkhas) को नेपालमा गतिविधी बृहत थियो | ब्रिटिश गोर्खा नयाँ भर्ती २०२० को प्रमाणीकरण परेड British Gurkhas Recruit Intake 2020 Attestation Parade लाई आफ्नो मुख्य कार्यक्रम बनाएर आएको ब्याण्डले त्यस साथसाथै नेपाली सेना दिवसको अवसरमा नेपाली सेनाको ब्याण्डसँग आर्मी मण्डप, टुँडिखेल, काठमाडौंमा र नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर नेपाली सेना र नेपाल प्रहरीका ब्याण्डहरूसँग बसन्तपुर, काठमाडौंमा संयुक्त प्रदर्शन गरेको थियो | कार्यक्रममा बेलयाती सेना प्रमुख British Army Chief of General Staff र नेपाली सेना प्रधानसेनापति Nepal Army Chief of Army Staff प्रमुख अतिथि थिए |





'चिफ अफ जेनरल स्टाफ' जेनरल सर मार्क कार्लटन-स्मिथ KCB CBE ADC द्वारा मेजर मुक्ति प्रसाद गुरुङ्ग MVO, गोर्खा मेजर BGN लाई Commander Joint Operations (CJO) Commendation प्रदान गरिदै



चिफ अफ जेनरल स्टाफ' सर मार्क कार्लटन-स्मिथ, लेडी कार्लटन-स्मिथ, सेनानी ओली रोष्ट्रेन- CGS का लागि AMA, मेजर मुक्ति प्रसाद गुरुङ्ग MVO-गोर्खा मेजर बि.जी.एन, श्रीमती सारा गुरुङ्ग पश्चिम नेपालको धम्पुस गाउँमा



कोभिड-१९ महामारीको संकटमा जीवनशैली सहज बनाउन सहयोग स्वरूप ब्रिटिश गोर्खा नेपालले आफ्नो स्थानीय ललितपुर महानगरपालिका वडा नं ५ का मानिसहरूलाई स्थानीय निकायद्वारा खाद्य वस्तु प्रदान गर्यो | वडाका २२५ परिवारले यस सहयोगको उपभोग गरेका थिए



ब्रिटिश गोर्खा पोखरा ओ.सी., २ आइ.सी. द्वारा गण्डकी प्रदेशकी सामाजिक विकास मन्त्री नरदेवी पुन मगरलाई कोभिड-१९ महामारीको सामना गर्न सहयोग प्रदान गरियो



Regimental Association Nepal (RAN) सँग त्रैमासिक बैठकको क्रममा RAN अध्यक्ष, पदाधिकारीहरू, बि.जी.एनका कमाण्डर, चिफ अफ स्टाफ, गोर्खा मेजर र गोर्खा वेलफेयर ट्रष्टका फिल्ड निर्देशक लगायत



बि.जी.एन काठमाडौंका गैर-सैनिक कर्मचारी QM SFMC खड्क प्रसाद थापा र Safety Health Environment Practitioner नारायणी देवी राईलाई जनवरी २०२० मा The Commander Home Command Commendation प्रदान गरियो

## सम्पर्क विवरणहरू:

**गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ) :**
गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)
ब्रिटिश गोर्खा नेपाल
मानभवन, ललितपुर
फोन नम्बर :
१ ४२३५३२६, ४२३५३२७, ४२३५३२९
इ-मेल आइ.डी:
dpmgso@bgn.com.np

**पेन्सन पेमेन्ट अफिस**
पेन्सन पेमेन्ट अफिस
स्टानडर्ड चारटर्ड बैंक
लाजिम्पाट , काठमाडौं
फोन नम्बर: १ ४४१५०४४
इ-मेल आइ.डी:
ppoktm@bgn.com.np

**रेकर्ड अफिस:**
ब्रिटिश गोर्खा नेपाल- पोखरा
फोन नम्बर:
०६१-५६७२५५
इ-मेल आइ.डी:
bgn-bgp-recordoffice@mod.uk

**ब्रिगेड र युनिट वेलफेयर अफिस:**
ब्रिटिश गोर्खा नेपाल, काठमाडौं
फोन नम्बर :
१ ४२३५२२९
इ-मेल आइ.डी:
bgn-welfare-groupmail@mod.uk

**BFBS Gurkha**
C/O BGN HQ
Kathmandu

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
**मानभवन, ललितपुर**
**बि एफ पी ओ ४**
**नेपाल**

**Headquarters, BRITISH GURKHAS NEPAL**
**Manbhawan, Lalitpur**
**British Forces Post Office 4**
**Nepal**

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन्|

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

Contact: BGN FPO, Ph. 01-4235236, e-mail: BGN-SNCOICFPO@mod.uk

जरुरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal’s Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

<u>British Gurkhas Nepal, Headquarters Points of Contact:</u>

Maj Muktiprasad Gurung MVO RGR
| Gurkha Major | Media Officer |

Gaurav Chandra Gurung
| Communications Officer |
BGN-CommsOffr@mod.uk